# १.	पत्रपत्रिका वितरण संपरीक्षण समिति नेपालको सामान्य परिचय

**समितिको गठन :**
प्रेस काउन्सिल नेपाल प्रेस काउन्सिल ऐन, २०४८ अनुसार गठित अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हो । प्रेस काउन्सिल नेपालको स्थापना र व्यवस्था गर्न बनेको उल्लेखित ऐनको दफा-१० मा पत्रपत्रिकाको मूल्यांकन गर्न एउटा छुट्टै निकायको रुपमा ***पत्रपत्रिका वितरण संपरीक्षण समिति***को व्यवस्था गरिएको छ । समितिको गठन निम्नानुसार हुने व्यवस्था ऐनको दफा १० (२) ले गरेको छ :-

| | | |
|---|---|---|
| क) | प्रेस रजिष्ट्रार – | अध्यक्ष |
| ख) | सूचना तथा संचार मन्त्रालयका प्रतिनिधि १ जना – | सदस्य |
| ग) | प्रेस काउन्सिल नेपालका प्रतिनिधि १ जना – | सदस्य |
| घ) | *लेखा परीक्षण संघ*[1], *विज्ञापन संघ*[2] वा एजेन्सी, व्यापारिक वा औद्योगिक संस्थाबाट १।१ जनाका दरले नेपाल सरकारले मनोनित गरेका ३ जना – | सदस्य |
| ङ) | काउन्सिलले तोकेको अधिकृत – | सचिव |

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (ACAN), नेपाल विज्ञापन संघ र चेम्बर अफ कमर्सले गरेको सिफारिशका आधारमा उनीहरूले तोकेका प्रतिनिधिहरूलाई नै समितिमा मनोनित गर्ने काम विगत केही वर्षदेखि नेपाल सरकारले गर्दै आइरहेको छ । सूचना विभागको महानिर्देशकलाई नै सरकारले प्रेस रजिष्ट्रारको जिम्मेवारी समेत सुम्पेकोले हाल पत्रपत्रिका वितरण संपरीक्षण समितिको अध्यक्ष सूचना विभागका महानिर्देशक हुने व्यवस्था छ ।

समितिले प्रेस काउन्सिल नेपालका अध्यक्ष र नेपाल पत्रकार महासंघका सभापतिलाई पनि समितिको बैठकमा नियमित रुपमा आमन्त्रित गर्ने परम्परा अँगाल्दै आएको छ ।

उल्लेखित समितिले प्रेस काउन्सिल नियमावली-२०४९ मा व्यवस्था भए बमोजिम नेपालभरबाट नियमितरूपमा प्रकाशित भई वितरण संपरीक्षण फाराम भरेका पत्रपत्रिकाहरूको नियमित रूपमा वर्गीकरण कार्य गर्दै आइरहेको छ । वितरण प्रकृयालाई कम खर्चिलो बनाउन र सञ्चारमाध्यमलाई सजिलो होस् भन्नका लागि समितिले आर्थिक वर्षको आधारमा मूल्यांकन गर्ने परिपाटी शुरु गरेको छ ।

**समितिको काम, कर्तव्य र अधिकार :**
प्रेस काउन्सिल ऐन-२०४८ को दफा-११ (१) मा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने गरी उल्लेख गरिएको छ :

(क) पत्रपत्रिकाको वितरण स्थितिको आधारमा प्रकाशन संख्या निर्धारण गर्ने र त्यसको अद्यावधिक अभिलेख राख्ने, र

(ख) पत्रपत्रिकाको प्रकाशन संख्यासमेतको आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने ।

---

[1] हाल नेपाल चार्टर्ड एकाउन्टेन्टस संघ (ACAN) को प्रतिनिधित्व रहेको छ ।
[2] हाल नेपाल विज्ञापन संघको प्रतिनिधित्व रहेको छ ।

सो दफाको उपदफा-२ मा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने कुरा पनि उल्लेख भएको छ ।

पत्रपत्रिकाहरूको वर्गीकरण गर्ने क्रममा वर्गीकरण सम्बन्धी विभिन्न मापदण्डहरू निर्माण गरी कार्यान्वयन गर्ने कार्यसमेत समितिले गर्दै आएको छ। यसै क्रममा पत्रपत्रिकाहरूको वर्गीकरण कार्यलाई बढी वैज्ञानिक, व्यावहारिक एवं पारदर्शी बनाउने उद्देश्यले वर्गीकरण सम्बन्धी मौजुदा मापदण्डहरूमा समय सापेक्ष परिवर्तन, परिष्कार एवं परिमार्जनसमेत गर्दै आएको छ। वर्गीकरण कार्यमा आइपरेका कतिपय सैद्धान्तिक तथा व्यावहारिक कठिनाइहरू हटाई वितरण संपरीक्षण समितिले मूल्यांकन एवं वर्गीकरण प्रक्रियालाई व्यावहारिक एवं पारदर्शी बनाउँदै लैजाने क्रममा प्राप्त सुझावहरूलाई समेत दृष्टिगत गरी यस किसिमको परिवर्तन एवं परिमार्जन गर्दै आएको हो ।

**समितिको स्थापना र विकास :**
पत्रपत्रिका वितरण संपरीक्षणको काम प्रेस काउन्सिल नेपाल अन्तरगतको एउटा समितिको माध्यमबाट गर्ने प्रक्रियाको थालनी वि.सं. २०४० सालदेखि नै हुँदै आएको भएपनि प्रेस काउन्सिल ऐन-२०४८ ले पहिलो पटक कानूनी रुपमा पत्रपत्रिका वितरण संपरीक्षण समितिको व्यवस्था गरेपछि वि.सं. २०४८ सालमा सर्वप्रथम यस समितिको स्थापना भएको हो ।

**वितरण संपरीक्षण सम्बन्धी अन्य कानूनी व्यवस्थाहरु :**

क) छापाखाना र प्रकाशन सम्बन्धी ऐन-२०४८

<u>पत्रपत्रिकाको श्रेणी विभाजन :</u>

तोकिएको अधिकारीले पत्रपत्रिकालाई तोकिएको आधारमा श्रेणी विभाजन गर्न सक्नेछ। यसरी श्रेणी विभाजन गर्नु भन्दाअघि तोकिएको अधिकारीले प्रेस काउन्सिल नेपालसँग परामर्श लिनु पर्नेछ ।

ख) छापाखाना र प्रकाशन सम्बन्धी नियमावली २०४९

<u>पत्रपत्रिकाको श्रेणी विभाजन :</u>

नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयले यस ऐन बमोजिम दर्ता भएका पत्रपत्रिकाहरुलाई सहयोग तथा सुविधा दिने प्रयोजनको लागि श्रेणी विभाजन गर्दा प्रेस रजिष्ट्रारको कार्यालय र प्रेस काउन्सिलले दिएको प्रतिवेदनको आधारमा गर्नेछ ।

## २. पत्रपत्रिका वितरण संपरीक्षण समिति र यसको कार्य सम्बन्धी कानूनी व्यवस्थाहरू

प्रेस काउन्सिल ऐनको दफा १० मा समितिको गठन सम्बन्धी व्यवस्था रहेको छ र सो बमोजिम मनोनित सदस्यहरूको पदावधि २ वर्षको हुने व्यवस्था पनि दफा १०(४) ले गरेको छ। ऐनको दफा ११ ले समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था ऐन अन्तरगत बनेको नियम वा विनियमबाट पनि हुन सक्ने व्यवस्था गरेको छ ।

प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९ मा रहेका जम्मा ११ वटा नियमहरूमध्ये नियम ४ देखि ८ सम्मका नियमहरूले पत्रपत्रिका वितरण संपरीक्षण समिति सम्बन्धी

व्यवस्था गरेको छ । त्यस्तै, नियम ४ का उपनियमहरूमा समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्थाहरू उल्लेख गरिएको छ भने नियम ५ मा वितरण संपरीक्षण सम्बन्धी प्रतिवेदन पेश गर्ने र सो को जाँचबुझ गरी प्रकाशकलाई प्रमाणपत्र दिने व्यवस्था गरिएको छ । साथै नियम ६ मा झुट्टा विवरणका सम्बन्धमा गरिने जाँचबुझ सम्बन्धी व्यवस्था रहेको छ । नियम ७ र नियम ८ मा क्रमशः प्रकाशन वितरणको विवरण र वितरण संपरीक्षण समितिको प्रतिवेदनमा समावेश हुनुपर्ने कुराहरू सम्बन्धी व्यवस्था छन् । नियमावलीमा भएका उल्लेखित व्यवस्थाहरूको पूर्ण व्यहोरा देहाय बमोजिम रहेको छ :

## समितिको बैठक र निर्णय (नियम ४) :

(१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुने र मत बराबर भएमा समितिको अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(५) समितिको निर्णय समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## वितरण संपरीक्षण (नियम ५) :

(१) पत्रपत्रिकाको प्रकाशकले *महालेखा परीक्षकको विभाग*[३] बाट मान्यता प्राप्त लेखा परीक्षकद्वारा प्रत्येक *वर्ष वैशाखदेखि चैतमसान्तसम्मको*[४] आफ्नो प्रकाशन वितरणको संपरीक्षण *अर्को वर्षको वैशाख*[५] मसान्तसम्म गराई त्यसको प्रतिवेदन समितिसमक्ष पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि समितिले उक्त प्रतिवेदन जाँचबुझ गरी प्रकाशकलाई अनुसूची बमोजिमको ढाँचामा सम्बन्धित अवधिको पत्रपत्रिका वितरण संपरीक्षणको प्रमाणपत्र दिनु पर्नेछ ।

## झुटो विवरण दिएमा (नियम ६) :

(१) नियम ५ को उपनियम (१) बमोजिम समितिमा पेश गरिएको प्रतिवेदनमा उल्लेखित विवरण झुटो हो भन्ने कसैलाई लागेमा सो प्रतिवेदन पेश गरेको मितिले एक महिनाभित्र समितिसमक्ष उजूरी दिन सकिनेछ ।

---

[३] हाल यो कार्य नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था (ICAN) ले गर्दछ ।

[४] '*वैशाखदेखि चैत्र मसान्तसम्मको*' सट्टा '*आर्थिक वर्षको*' भन्ने शब्द राखी प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ मा संशोधन गर्न प्रस्ताव गरिएको छ ।

[५] '*अर्को वर्षको वैशाख*' सट्टा '*असोज*' भन्ने शब्द राखी प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ मा संशोधन गर्न प्रस्ताव गरिएको छ ।

(२) उपनियम (१) बमोजिम उजूरी परेमा समितिले त्यस्तो विवरण सहितको प्रतिवेदन जाँच गर्न वा पुनः संपरीक्षण गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँच गर्दा वा पुनः संपरीक्षण गराउँदा उजूरी ठीक ठहरेमा समितिले त्यस्तो प्रकाशकलाई पत्रपत्रिका वितरण संपरीक्षणको प्रमाणपत्र दिनेछैन र दिइसकेको भए त्यस्तो प्रमाणपत्र निस्कृय गर्नुको साथै समितिको सिफारिशमा निजले पाउने सुविधासमेत अवधि तोकी निलम्बन गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम जाँच गराउँदा वा पुनःसंपरीक्षण गराउँदा उजूरी ठीक ठहरेमा समितिबाट जाँच गर्दा लागेको मनासिव खर्च वा पुनः संपरीक्षण गराउँदा लागेको खर्चसमेत प्रकाशकबाट असुल गरिनेछ ।

(५) उपनियम (२)बमोजिम जाँच गर्दा वा पुनः संपरीक्षण गराउँदा झुटो उजूरी दिएको ठहर हुन आएमा समितिबाट जाँच गर्दा लागेको मनासिव खर्च वा पुनः संपरीक्षण गराउँदा लागेको खर्च उजूरीवालाबाट असुल गरिनेछ ।

(६) यस नियम बमोजिम गरिने संपरीक्षण र जाँचबुझ सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रकाशन वितरणको विवरण (नियम ७) :**

(१) पत्रपत्रिकाको प्रकाशन वितरणको विवरण लिन चाहने व्यक्तिले समितिसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले एकसय रूपैंया दस्तुर लिई निवेदकलाई मागबमोजिमको विवरण दिनु पर्नेछ ।

**वितरण संपरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने (नियम ८) :**

(१) लेखा परीक्षकले पत्रपत्रिका वितरण संपरीक्षणको प्रतिवेदनमा प्रत्येक अंकमा प्रकाशित पत्रपत्रिकाको संख्या र त्यसको वितरण संख्या देहाय बमोजिम खुलाउनु पर्नेछ :

- (क) ग्राहकलाई बिक्री वितरण गरिएको संख्या,
- (ख) प्रकाशनसँग सम्बन्धित कर्मचारी, सदस्य, एजेन्ट वा नियमित रूपमा सहयोग गर्नेलाई वितरण भएको संख्या,
- (ग) पुस्तक पसल वा एजेन्टमार्फत नियमित रूपमा ग्राहकहरूलाई बिक्री वितरण हुने संख्या,
- (घ) पुस्तकालय वा वाचनालयमा निःशुल्क वितरण हुने संख्या,

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा फर्काइएका वा नबिकेको पत्रपत्रिकाको संख्यासमेत खुलाउनु पर्नेछ ।

## ३. वितरण संपरीक्षणको मापदण्ड (समाचारमूलक पत्रपत्रिकाहरूका लागि)

प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली-२०४९ को नियम ६(६) ले पत्रपत्रिकाको संपरीक्षण र जाँचबुझ सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरेको छ भने नियमावलीको नियम ४ देखि ८ सम्म पत्रपत्रिका वितरण संपरीक्षण समितिको

बैठक र निर्णय एवं वितरण संपरीक्षण प्रक्रिया सम्बन्धी व्यवस्थाहरू गरिएका छन् । प्रेस काउन्सिल ऐन तथा नियमावलीद्वारा गरिएका व्यवस्थाहरूको अधीनमा रही पत्रपत्रिका वितरण संपरीक्षण समितिले वितरण संपरीक्षणको मापदण्ड निश्चित गरेको छ। पत्रपत्रिका वितरण संपरीक्षणको सो मापदण्डका प्रमुख विशेषताहरू निम्न प्रकार रहेका छन् :

## १. लेखा परीक्षणको प्रतिवेदनलाई आधार बनाउने कानूनी व्यवस्था:

प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली-२०४९ को नियम-५(१) ले पत्रपत्रिकाको प्रकाशकले *महालेखापरीक्षकको विभाग*[६] बाट मान्यता प्राप्त लेखापरीक्षकबाट *वैशाखदेखि चैतमसान्तसम्मको*[७] आफ्नो प्रकाशन वितरणको संपरीक्षण *अर्को वर्षको वैशाख*[८] मसान्तभित्र गराई त्यसको प्रतिवेदनसमेत पठाउनुपर्ने व्यवस्था गरेको छ र नियमावलीको नियम ८ ले त्यस्तो लेखापरीक्षणमा लेखापरीक्षकले सो पत्रिकाको प्रकाशन एवं वितरण संख्या सम्बन्धी देहाय बमोजिमको विवरण खुलाउनु पर्ने व्यवस्था गरेको छ :

- ग्राहकलाई बिक्री वितरण गरिएको संख्या
- प्रकाशन सम्बन्धी कार्यमा नियमितरूपमा सहयोग पुऱ्याउनेहरूलाई वितरण भएको संख्या,
- पुस्तक पसल वा एजेण्टमार्फत् नियमित रूपमा बिक्री वितरण हुने संख्या,
- पुस्तकालय वा वाचनालय तथा अन्य संघ-संस्थामा निःशुल्क वितरण हुने संख्या, र
- फर्काइएका वा नबिकेका पत्रपत्रिकाको संख्या

उक्त बमोजिमको विवरण कुन कुन क्षेत्र र जिल्लामा प्रत्येक अंक के कति पुग्छ भन्ने कुरासमेत खुलाउने गरी फाराम भर्नुपर्ने व्यवस्था पत्रपत्रिका वितरण संपरीक्षण समितिले गरेको सन्दर्भमा सो बमोजिमको विवरण *(वितरण फारामका अनुसूचीहरु)*[९] समेत लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने छ।

यसरी प्रचलित कानूनले नै प्रकाशन र वितरणको लेखापरीक्षण पत्रिकाको प्रकाशकले निश्चित अवधिभित्र गराई सो को प्रतिवेदन वितरण संपरीक्षण समितिमा पेश गर्नुपर्ने व्यवस्था गरेको भएपनि कतिपय पत्रपत्रिकाहरूबाट त्यस्तो लेखा परीक्षण गराएको प्रतिवेदन पेश गर्ने कानूनी व्यवस्थाको पालना नभएको पृष्ठभूमिमा लेखा परीक्षण गराउने कुराप्रति सम्बन्धित पक्षको ध्यान आकर्षित गर्ने उद्देश्यले २०५६ सालदेखि वितरण संपरीक्षण समितिले पत्रपत्रिकाहरूबाट समितिमा पेश गरिने आवेदन फाराममा नै लेखा परीक्षण सम्बन्धी विवरणसमेत समावेश हुन सक्ने किसिमको आवेदन फाराम तयार पारेको थियो । हाल सो फारामलाई काउन्सिलको वेभसाईट मार्फत पत्रपत्रिकाहरूलाई उपलब्ध गराउने व्यवस्था गरिएको छ। नेपाल सरकारले राष्ट्रियस्तरका पत्रपत्रिकाको पहिचान गर्ने कार्यमा समेत लेखा परीक्षणको प्रतिवेदनलाई आधार बनाउने निर्णय यस अगाडि नै गरिसकेको छ। यस बमोजिम संपरीक्षण गराउन चाहने सम्पूर्ण

---

[६] हाल यो कार्य नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था (ICAN) ले गर्दछ ।
[७] 'आर्थिक वर्षको' भन्ने शब्द राखी प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ मा संशोधन गर्न प्रस्ताव गरिएको छ।
[८] 'असोज' भन्ने शब्द राखी प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ मा संशोधन गर्न प्रस्ताव गरिएको छ।
[९] २०६४ मा परिमार्जन गरिएको ।

पत्रपत्रिकाहरुले अनिवार्यरुपमा पत्रपत्रिकाको प्रकाशन तथा वितरण एवं कागज खरिदको लेखा परीक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्ने व्यवस्था छ।

लेखा परीक्षण प्रतिवेदनमा लेखा परीक्षकले झुटो विवरण दिएको ठहरिएमा सम्बन्धित लेखा परीक्षकको नाम, *नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN)*[१०] मा प्रमाण संलग्न गरी आवश्यक कारबाहीको लागि पठाउने व्यवस्था गरिएको छ।

## २. विषयगत अंक विभाजन (पूर्णाङ्क १००) :

पत्रपत्रिकाको विभिन्न पक्षको मूल्यांकनको निम्ति १०० पूर्णाङ्क राखिएको छ। *वितरण परिमाणको निम्ति ५०, निरन्तरतामा ५ गरी पहिलो समूहमा कुल ५५ अंक कायम गरिएको छ। विषयवस्तु १०, भाषा १०, साजसज्जा/छपाई १० र आचार संहिता १५ गरी दोस्रो समूहमा जम्मा ४५ अंक*[११] कायम गरिएको छ।

पहिलो समूहको मूल्यांकन सचिवालयको तर्फबाट गरिन्छ भने दोस्रो समूहको मूल्यांकनको निम्ति वितरण संपरीक्षण समितिले परीक्षकको नियुक्ति गर्ने र परीक्षकले मूल्यांकन गरी दिएको प्रतिवेदनमा पत्रपत्रिकाले प्राप्त गरेको अंक र सचिवालयबाट गरिने मूल्यांकनमा प्राप्त गरेको अंक जोडी १०० पूर्णाङ्कमा जम्मा कति अंक प्राप्त गर्छ सो को आधारमा पत्रपत्रिकालाई विभिन्न वर्गमा छुट्याउने व्यवस्था छ। पत्रपत्रिकाको संपरीक्षण मूल्यांकन देहायबमोजिम गरिने छ :-

(क) प्रथम समूह[१२]

| क्र.सं | पत्रिकाको नाम | वितरण परिमाण | निरन्तरता | प्रकाशित अंक | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | ५० | ३ | २ | ५५ | |
| | | | | | | |

(ख) दोस्रो समूह[१३]

| क्र.सं | पत्रिकाको नाम | विषयवस्तु | भाषा | साजसज्जा/छपाई | आचार संहिता | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| | | १० | १० | १० | १५ | ४५ | |

दोस्रो समूहको मूल्यांकनका लागि पत्रकारिताका अनुभवी, विषयवस्तुको ज्ञाता, विधागत क्षेत्र र विभिन्न भाषाभाषी सम्बद्ध सञ्चार विज्ञहरुको 'विशेषज्ञ सूची' तयार पारी प्रत्येक वर्ष अद्यावधिक गर्दै लगिने छ र त्यही सूचीबाट विशेषज्ञ नियुक्त गरी तोकिएको मापदण्ड बमोजिम पत्रपत्रिकाको मूल्यांकन गराइने छ।

## ३. विभिन्न वर्गमा पर्नको निम्ति आवश्यक पर्ने प्राप्ताङ्क प्रतिशतः

पत्रपत्रिका वितरण संपरीक्षणको मूल्यांकन गर्दा देहाय बमोजिम अंक प्राप्त गर्ने पत्रपत्रिकालाई देहायको वर्गमा समावेश गरिने छ :

[१०] २०६४ मा परिमार्जन गरिएको।
[११] २०६४ मा परिमार्जन गरिएको।
[१२] २०६४ परिमार्जन गरिएको।
[१३] २०६४ परिमार्जन गरिएको।

(अ) 'क' वर्ग = ६५ र सो भन्दा बढी

(आ) 'ख' वर्ग = ५० देखि ६४ सम्म

(इ) 'ग' वर्ग = ३५ देखि ४९ सम्म

(ई) 'घ' वर्ग = ३५ भन्दा कम

अन्तिम योगफलमा दशमलब पछि आउने संख्या ०.५० वा सो भन्दा माथि भए माथिल्लो अंक पाउने छ र त्यसैका आधारमा वर्ग कायम गरिने छ । जस्तै : अन्तिम योगफल ६४.५० वा सोभन्दा बढी दशमलब भए ६५ अंक कायम गरी 'क' वर्गमा वर्गीकृत गरिनेछ ।

**४ . 'क' वर्गको लागि विशेष व्यवस्था :**

१. 'क' वर्गमा पर्नको लागि सम्वन्धित पत्रिका नेपालका न्यूनतम् *५१ प्रतिशत*[१४] जिल्लामा बिक्री वितरण भएको हुनु पर्नेछ ।

**५ . वितरण संख्या परीक्षण विधि[१५] :**

१. बिक्री वितरणको प्रमाणिकताका लागि सम्बन्धित प्रकाशकले वितरण फाराममा उल्लेख गरिएका अनुसूची २ देखि ८ सम्मको विवरण भरी अनिवार्य रुपमा फारामसाथ संलग्न गरेको हुनु पर्दछ ।

२. वितरण संपरीक्षण समितिले स्थानीय निकाय, स्थानीय प्रशासन र स्थानीय उद्योग वाणिज्य संघ, सञ्चार केन्द्र, नेपाल पत्रकार महासंघको स्थानीय शाखा, जिल्ला वा क्षेत्रीयस्तरका पत्रपत्रिका विक्री एजेन्ट, थोक विक्रेता आदिसँग वितरणको यथार्थता परीक्षण (Cross check) गर्न सक्नेछ ।

३. प्रकाशकले दावी गरेको वितरण परिमाणको संख्यालाई काउन्सिलको वेब साइटमार्फत सार्वजनिक गरिने छ । कुनै कारणबस प्रकाशकको दावी झुठो ठहरिएमा समितिले वर्ग घटाउन वा वर्गीकरणबाट हटाउन सक्नेछ ।

४. वितरण संख्या यकिन गर्ने सन्दर्भमा समितिले आवश्यकता अनुसार प्रेस निरीक्षण तथा बजार सर्वेक्षण गर्न सक्नेछ ।

**६ . मूल्यांकन/वर्गीकरणमा पर्न आवश्यक न्यूनतम आधार[१६] :**

१. समाचारमूलक पत्रपत्रिका वर्गीकरणमा पर्नको लागि उपत्यकाको हकमा प्रतिअंक न्यूनतम् २००० प्रति र उपत्यका बाहिरको हकमा प्रतिअंक न्यूनतम् १००० प्रति प्रकाशित गर्नु पर्ने छ । तर दफा ९ बमोजिमका पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाका हकमा न्यूनतम ५०० प्रति प्रकाशित भएको हुनुपर्नेछ ।

२. छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली-२०४९ को नियम ७ (२) मा तोकिए बमोजिमको अंक प्रकाशित नगर्ने पत्रपत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन । तसर्थ मूल्यांकनमा समावेश हुनको निम्ति मूल्यांकन अवधिको १ आर्थिक वर्षमा निम्न प्रकारका पत्रपत्रिकाहरुले निम्नानुसारको अंक प्रकाशित गर्नुपर्नेछ :

---

[१४] २०६४ मा परिमार्जन गरिएको ।

[१५] २०६४ परिमार्जन गरिएको ।

[१६] २०६४ परिमार्जन गरिएको ।

*समाचारमूलक पत्रिका*

| | |
|---|---|
| (क) दैनिक | ३०० अंक |
| (ख) अर्ध-साप्ताहिक | ८० अंक |
| (ग) साप्ताहिक | ४० अंक |
| (घ) पाक्षिक | २० अंक |
| (ङ) मासिक | १० अंक |

*विधागत पत्रिका*

| | |
|---|---|
| (ङ) मासिक | १० अंक |
| (च) द्वैमासिक र त्रैमासिक | ४ अंक |

यो व्यवस्था अनुरूप *प्रत्येक आर्थिक वर्षको साउनदेखि असार मसान्तसम्ममा*[१७] सो बमोजिमको अंक प्रकाशित गरी *असोज*[१८] मसान्तभित्र प्रकाशन वितरणको लेखा परीक्षकद्वारा संपरीक्षण गराई आवेदन दिने पत्रपत्रिकाको मात्र संपरीक्षण मूल्यांकन गरिनेछ। म्याद समाप्त भएको मितिले ७ दिनभित्र दोब्बर दस्तुर तिरी आवेदन दिन सकिने छ।

४. वर्गीकरणका निम्ति प्रस्तुत भएको पत्रपत्रिका प्रष्टसँग छपाई प्रेस (प्रिन्टिङ प्रेस) बाट छापिएको हुनुपर्ने छ। तर कुनै जिल्ला वा क्षेत्रमा छपाई प्रेस नभएका कारण वैकल्पिक विधि (जस्तै स्क्रिन प्रिन्ट वा लिथो आदि) अपनाइएको भए सो कुरा वितरण संपरीक्षण फाराममा प्रष्टसँग उल्लेख गर्नु पर्दछ। प्रेसमा छपाई नगरी झूठा विवरण दिएर विवरण भरिएको पाइए वर्गीकरणमा समावेश गरिने छैन। कारणवस समावेश भएको रहेछ भने पनि पछि झूठ भएको ठहर भए वर्गीकरणबाट हटाइने छ।

५. संस्थागत पत्रिकाको हकमा कुनै दाताको सहयोगमा वा आफ्नो संस्थाको प्रचार वा प्रवर्द्धनको उद्देश्यले प्रकाशन भएको भए वर्गीकरणमा समावेश गरिने छैन।

## ७. विभिन्न पक्ष वा आधारहरूको मूल्यांकन गर्ने तरिका[१९] :

पत्रपत्रिकाको वितरण संपरीक्षण मूल्यांकन गर्दा निर्धारित मापदण्ड अनुसार देहायको अंक प्रदान गरिने
छ :

**क) वितरण परिमाण र लेखा परीक्षण प्रतिवेदन :**

वितरण परिमाणको निम्ति प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति ३ अंकका दरले अधिकतम् ५० अंक प्रदान गरिनेछ। पत्रपत्रिकाहरुले लेखा परीक्षण प्रतिवेदन, कागज/मसी खरिद गरेको बिल वा प्रेसलाई भुक्तानी गरेको बिलको प्रमाणित प्रतिलिपि लगायत अनुसूची १ बमोजिमको वितरण संपरीक्षण फाराममा उल्लेखित कागजातका विवरण अनिवार्यरुपमा पेश गर्नुपर्ने छ।

---

[१७] २०६४ परिमार्जन गरिएको।

[१८] २०६४ परिमार्जन गरिएको।

[१९] २०६४ मा परिमार्जन गरिएको।

क.१) **प्रेस निरीक्षण :**

वितरण संख्या यकिन गर्न वितरण संपरीक्षण समितिले सम्बन्धित प्रेस तथा बजार निरीक्षण गर्न सक्नेछ। प्रेसको स्थलगत निरीक्षण गर्दा निरीक्षण गरिएको पत्रिका जति प्रति प्रकाशित भएको देखिन्छ सोही आधारमा वितरण परिमाणको अंक प्रदान गरिनेछ। समितिले जुनसुकै समयमा पनि प्रेस निरीक्षण गर्न सक्नेछ।

कुनै आवेदकले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले वितरण फाराममा यथार्थमा प्रकाशित हुने प्रति भन्दा बढी प्रति उल्लेख गरेको कुरा प्रेस निरीक्षण, कागज खपत वा प्रकाशनको कार्यालयमा भएको अन्य विवरणबाट थाहा हुनगई प्रमाणित भएमा सचिवालयबाट प्रस्तुत प्रतिवेदनका आधारमा ढाँटेको प्रति हजार बराबर *२ (दुई)* अंकका दरले यकिन भई पाउने अंकबाट घटाई वितरण परिमाण वापतको अंक दिइनेछ।

प्रेस निरीक्षणका क्रममा सहयोग नगर्ने पत्रिकालाई वर्गीकरणमा समावेश नगर्न सकिनेछ।

ख) **आचार संहिता :**

पत्रकार आचार संहिताको पालनाका आधारमा *१५ अंकसम्म* प्रदान गरिनेछ। पत्रकार आचार संहिता अनुगमनका क्रममा आचार संहिता उल्लंघन गरेको देखिएमा देहायका आधारमा नकारात्मक अंक दिन सकिने छ :

१. काउन्सिलको आदेशलाई अवज्ञा गर्ने पत्रपत्रिकालाई देहाय बमोजिम बढीमा ५ अंक सम्म नकारात्मक अंक दिइने छ :

(क) पहिलो पटक अवज्ञा गरेमा — १ अंक
(ख) दोश्रो पटक अवज्ञा गरेमा — ३ अंक
(ग) तेश्रो पटक वा सोभन्दा बढी अवज्ञा गरेमा — ५ अंक

२. पत्रकार आचार संहिता-२०६० को दफा ३ बमोजिमको कर्तव्य निर्वाह नगर्ने र दफा ४ ले निषेध गरेको कार्य गर्ने पत्रिकालाई काउन्सिलको निर्णयका आधारमा बढीमा ५/५ अंक सम्म नकारात्मक अंक दिइने छ।

**३. गाली बेइज्जती वा मानहानी सम्बन्धी मुद्दामा अदालतबाट दोषी प्रमाणित भएमा प्रत्येक पटकका निम्ति १ अंकका दरले बढीमा ५ अंकसम्म नकारात्मक अंक दिइने छ।**

(ग) **निरन्तरता :**

पत्रपत्रिकाहरुलाई निरन्तरतासम्बन्धी ३ अंक दिंदा निम्न आधारमा विभाजन गरी अंक दिइनेछ :

| | | |
|---|---|---|
| क) | पहिलो पटक वर्गीकरणमा समावेश हुन आएकोलाई | ० अंक |
| ख) | दुई वा तीन पटकसम्म वर्गीकृत भएकोलाई | १ अंक |
| ग) | चार वा पाँच पटकसम्म वर्गीकृत भएकोलाई | २ अंक |

| घ) | छ पटक वा सो भन्दा बढी वर्गीकृत भएकोलाई | ३ अंक |
|---|---|---|

उपरोक्त अनुसारको अंक दिंदा वर्गीकरणसम्बन्धी काउन्सिलको अभिलेखलाई आधार मानी दिइनेछ। यदि कुनै पत्रिका विगतमा वर्गीकरण भए पनि बीचमा वर्गीकरण नभई खण्डित भएको रहेछ भने त्यस्तो पत्रिकाको हकमा जति वर्ष खण्डित भएको हो सो वर्षलाई गणना गरिने छैन।

(घ) **प्रकाशित अंक :**

तोकिएको न्यूनतम अंकभन्दा बढी अंक प्रकाशित गर्ने पत्रपत्रिकाहरुलाई देहायका आधारमा बढीमा २ अंकसम्म प्रदान गरिने छ :

| क्र.सं. | पत्रिकाको किसिम | प्रकाशित अंक संख्या | प्राप्तांक |
|---|---|---|---|
| १ | दैनिक | ३१० देखि ३३० सम्म<br>३३१ भन्दा माथि | १<br>२ |
| २ | अर्ध-साप्ताहिक | ८५ देखि ९० सम्म<br>९१ भन्दा माथि | १<br>२ |
| ३ | साप्ताहिक | ४१ देखि ४५ सम्म<br>४६ भन्दा माथि | १<br>२ |
| ४ | पाक्षिक | २१ देखि २२ सम्म<br>२३ भन्दा माथि | १<br>२ |

(ङ) **आकार र पृष्ठ संख्या :**

छापाखाना र प्रकाशनसम्बन्धी नियमावली २०४९ को नियम ७ (१) ले विभिन्न पत्रपत्रिकाहरुको न्यूनतम आकार र पृष्ठ संख्या देहाय बमोजिम निर्धारण गरेकोछ :

| क्र.सं. | पत्रिकाको किसिम | नियमावलीले तोकेको | |
|---|---|---|---|
| | | न्यूनतम आकार | न्यूनतम पृष्ठ |
| १. | दैनिक समाचारपत्र | १२" x २१" | ४ |
| २. | अर्ध-साप्ताहिक समाचारपत्र | १०" x १५" | ६ |
| ३. | साप्ताहिक समाचारपत्र | १०" x १५" | ६ |
| ४. | पक्षिक समाचारपत्र | ०९" x १५" | १२ |
| ५. | मासिक, द्वैमासिक र त्रैमासिक समाचारपत्र | ०९" x १५" | १२ |

नियमावलीमा तोकिएको न्यूनतम आकार र पृष्ठ संख्या बमोजिम पत्रपत्रिकाहरु प्रकाशित हुन नसकेको व्यावहारिक परिस्थितिलाई दृष्टिगत गरी नियमावलीमा संशोधन नहुञ्जेल सम्मका लागि समितिले मूल्यांकन वर्गीकरण प्रयोजनका निम्ति पत्रपत्रिकाहरुको न्यूनतम आकार र पृष्ठसंख्या देहाय अनुसार निर्धारण गरेको छ।

**समाचारमूलक पत्रिकाहरुका लागि :**

| क्र.सं. | पत्रिकाको किसिम | नियमावलीले तोकेको | समितिले निर्धारण गरेको |
|---|---|---|---|

| | | न्यूनतम आकार | न्यूनतम पृष्ठ | न्यूनतम आकार | न्यूनतम पृष्ठ |
|---|---|---|---|---|---|
| १. | *दैनिक*[२०] | १२" x २१" | ४ | *१०" x १५" वा न्यूनतम छपाई क्षेत्र ४६८ वर्गइन्च* | *४* |
| २. | अर्ध-साप्ताहिक | १०" x १५" | ६ | १०" x १५" वा *न्यूनतम छपाई क्षेत्र ७०२ वर्गइन्च* | ६ |
| ३. | साप्ताहिक | १०" x १५" | ६ | १०" x १५" वा *न्यूनतम छपाई क्षेत्र ७०२ वर्गइन्च* | ६ |
| ४. | पाक्षिक | ०९" x १५" | १२ | १०" x १५" वा *न्यूनतम छपाई क्षेत्र १४०४ वर्गइन्च* | १२ |
| ५. | मासिक | ०९" x १५" | १२ | १०" x १५" वा *न्यूनतम छपाई क्षेत्र १४०४ वर्गइन्च* | १२ |
| ६. | *म्यागेजिन*[२१] | | | *७.२५" x १०" वा न्यूनतम छपाई क्षेत्र २६६० वर्गइन्च* | *४०* |

निर्धारित आकार र पृष्ठ संख्या भन्दा भिन्न आकार र पृष्ठमा प्रकाशित पत्रपत्रिकाको हकमा समितिले आकार र पृष्ठ अनुपातका आधारमा कुल छपाई क्षेत्र (Printing Area) सन्तुलन हुने गरी मूल्यांकनमा समावेश गर्न सक्नेछ ।

(च) **विषयवस्तु :**

विषयवस्तु बापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी बढीमा १० अंक प्रदान गरिनेछ :

| **विषयवस्तु** (Subject) | १० |
|---|---|
| समाचारको सत्यता/तथ्यपरकता/स्रोत र विश्वसनियताका आधार | ४ |
| समाचार/सवाल (Issue) को राष्ट्रिय, स्थानीय/सामाजिक महत्व/व्यापकता | २ |
| समाचार/विश्लेषणमा मौलिकता/ नयाँपन र विशिष्टता (Breaking and Exclusivness) | २ |
| खोज/अनुसन्धानमूलकता; विश्लेषण/ टिप्पणी आदिमा विधागत र लेखकीय विविधता | २ |

(छ) **भाषा/प्रस्तुती :**

भाषा/ प्रस्तुती बापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी बढीमा १० अंक प्रदान गरिनेछ:

[२०] संशोधनका लागि प्रस्ताब गरिएको ।

[२१] संशोधनका लागि प्रस्ताब गरिएको ।

| भाषा ⁄ प्रस्तुति | १० |
|---|---|
| भाषाको समग्रस्तर (शब्दको सही चयन, वाक्य गठनमा शुद्धता, स्पष्टता र सरलता) | २ |
| लेखनमा वस्तुपरकता र सम्पादन | २ |
| शीर्षकका निम्ति सही शब्द र आकारको सही छनोट र प्रयोग तथा शीर्षक र प्रस्तुत सामग्री (पेटबोली) बीचको सामञ्जस्यता, सान्दर्भिकता, आकर्षण र तथ्यपरकता | २ |
| समाचारमा सन्तुलन ⁄ विचार प्रस्तुतिमा पाठक ⁄ समाजप्रतिको दायित्व ⁄ जिम्मेवारीबोध ⁄ त्रुटी सच्याउने तत्परता र दोस्रो वा आरोपित पक्षको कथनलाई स्थान | २ |
| आफूले प्रस्तुत गरेका समाचार ⁄ घटना ⁄ सवाल आदिको अनुगमन (Follow Up) | २ |

(ज) **साजसज्जा ⁄ छपाई (Layout/Print) :**

साजसज्जा ⁄ छपाई (Layout/Print) बापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी बढीमा १० अंक प्रदान गरिनेछ :

| **साजसज्जा ⁄ छपाई** (Layout / Print) | १० |
|---|---|
| **फोटो (Picture)** | २ |
| फोटोको सान्दर्भिकता | ०.५ |
| स्पष्टता ⁄ स्तरीयता | ०.५ |
| फोटोको स्रोत र क्याप्सन | १ |
| **कार्टुन (Cartoon) ⁄ ग्राफिक्स** | २ |
| विषयवस्तुको सान्दर्भिकता ⁄ सन्देशमूलकता | १ |
| शिष्टता र सरलता | ०.५ |
| रेखा, रंग (स्केच) को स्तरीयता | ०.५ |
| **सज्जा (Layout)** | २ |
| अक्षरको फन्ट, लिड, कोलम, रंग आदिको तादाम्यता | १ |
| समाचार-विज्ञापनको सन्देश, सन्तुलन र लेआउट डिजाइनमा तादाम्यता | १ |
| **छपाई (Printing)** | २ |
| कागजको स्तर (Paper Quality) | १ |
| छपाई : स्पष्ट, सफा, आकर्षक | १ |
| **लेख ⁄ सम्पादकीय** | २ |
| विषयको सान्दर्भिकता र मौलिकता | १ |
| प्रस्तुतिमा तर्क, तथ्य र वस्तुपरकता | १ |

विशेषज्ञले माथि उल्लेखित विविध पक्षहरूको मूल्यांकन गर्दा पत्रकारिताका मूलभूत सिद्धान्तलाई आधार मानी गर्नु पर्दछ ।

## ८. मोफसल, राष्ट्रिय तथा अंग्रेजी भाषाका पत्रपत्रिकालाई विशेष सुविधा :

वितरण परिमाणको अंक दिंदा काठमाडौं उपत्यकाबाट प्रकाशित हुने पत्रपत्रिकाको प्रकाशित प्रतिलाई आधार मानेर अंक दिइनेछ। उपत्यका बाहिरबाट प्रकाशित हुने पत्रपत्रिकाहरुलाई तिनको वास्तविक प्रकाशन प्रतिको संख्यालाई २ ले गुणन गरेर कायम हुन आउने अंकलाई आधार मानेर वितरण परिमाणको अंक दिइनेछ। तर यसरी दिएको कूल अंक पूर्णाङ्कभन्दा बढी हुने छैन।

अंग्रेजी भाषा र राष्ट्रिय भाषा (मैथिली, भोजपुरी, अवधि, नेवारी, मगर, गुरुङ, राई आदि) मा प्रकाशित हुने पत्रपत्रिकालाई 'भाषा/प्रस्तुती' मा प्राप्त गरेको अंकलाई २ ले गुणन गरेर अंक दिइनेछ। तर यसरी दिएको कूल अंक पूर्णाङ्कभन्दा बढी हुने छैन।

## ९. पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाका लागि विशेष व्यवस्था[२२] :

पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरु (पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुंङ्गा, खोटाङ, दोलखा, रामेछाप, सिन्धुली, गुल्मी, अर्घाखाँची, रसुवा, मनाङ, मुस्ताङ, म्याग्दी, रुकुम, रोल्पा, सल्यान, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला र बैतडी) बाट प्रकाशित हुने पत्रपत्रिकालाई विषयबस्तुबापत सम्बद्ध पत्रिकाले प्राप्त गरेको अंकलाई २ ले गुणन गरी अंक दिइने छ। तर यसरी दिएको कूल अंक पूर्णाङ्कभन्दा बढी हुने छैन।

## १०. महिला, दलित वा अपाङ्गका लागि विशेष व्यवस्था[२३] :

महिला, दलित वा शारिरिक अपाङ्गता भएका व्यक्ति मुख्य सम्पादक रही प्रकाशन भएको पत्रपत्रिकालाई विषयबस्तुबापत सम्बन्धित पत्रिकाले प्राप्त गरेको अंकलाई २ ले गुणन गरी अंक दिइनेछ। तर यसरी दिएको कुल अंक पूर्णाङ्कभन्दा बढी हुनेछैन। सम्बद्ध प्रकाशनले त्यस्ता सम्पादकको परिचय खुल्ने कागजात वितरण फाराम साथ संलग्न गर्नु पर्नेछ।

## ११. मूल्यांकन विधि[२४] :

विशेषज्ञले पत्रपत्रिकाको मूल्यांकन गर्दा सामान्यतः नमूना छनोट विधि अवलम्बन गर्नेछ। विभिन्न पत्रपत्रिकाहरुको नमूना छनोट गर्दा देहाय अनुसार वा समितिले निर्धारण गरेबमोजिम गर्न सकिनेछ :

| | |
|---|---|
| दैनिक | ४ अंक प्रति महिना |
| अर्धसाप्ताहिक | ४ अंक प्रति महिना |
| साप्ताहिक | २ अंक प्रति महिना |
| पाक्षिक | २ अंक प्रति २ महिना |

[२२] २०६४ मा परिमार्जन गरिएको।
[२३] २०६४ मा परिमार्जन गरिएको।
[२४] २०६४ मा परिमार्जन गरिएको।

| | |
|---|---|
| मासिक | १ अंक प्रति २ महिना |
| द्वैमासिक | २ अंक प्रति ४ महिना |
| त्रैमासिक | २ अंक प्रति १२ महिना |

**१२. एकभन्दा बढी पत्रिकाले भाषागत हिसाबले अक्षरशः एउटै सामग्री प्रकाशन गरेको देखिएमा तिनीहरुलाई मूल्यांकनमा समावेश नगर्ने व्यवस्था :**

दुई वा सो भन्दा बढी पत्रिकाको सम्पादकीय वा समाचार सामग्री अक्षरशः एउटै प्रकाशन भएको देखिएमा कुन पत्रिका पहिले प्रकाशित भएको हो भन्ने एकीन गरेर अर्को (अर्को पत्रिकाको सामग्री स्रोत नखुलाईकन अक्षरशः छाप्ने) पत्रपत्रिकालाई मूल्यांकनमा समावेश गरिने छैन ।

- ❖ मासिक वा सोभन्दा बढी अवधिमा प्रकाशित हुने पत्रपत्रिकाहरुको हकमा ६ महिनासम्मको कुनै पनि २ वा सोभन्दा बढी अंकमा हुबहु देखिएमा वर्गीकरणमा समावेश गरिने छैन ।
- ❖ दैनिक, अर्ध-साप्ताहिक, साप्ताहिक र पाक्षिक पत्रिकाहरुको हकमा कुनै पनि २ वा सोभन्दा बढी अंकमा, प्रकाशित समाचारहरू भाषागत हिसाबले हुवहु वा अक्षरशः वा जस्ताको तस्तै मिलेको देखिई त्यस्ता समाचार सामग्रीहरूको स्रोत नखुलेको देखिएमा त्यस्ता पत्रपत्रिकालाई मूल्यांकनमा समावेश गरिने छैन ।
- ❖ यसरी हुबहु गर्ने पत्रिकामा कुन पहिले निस्केको हो भन्नेमा द्विविधा भएमा वा प्रकाशित अंकमा पहिलेको मिति जनाइए पनि बजारमा पछि पुगेको दावीका कारण विवाद उत्पन्न भएमा छानबिन गरी ठहरेबमोजिम हुनेछ ।

**१३ . मूल्यांकन प्रतिवेदन निर्माण :**

विशेषज्ञले मूल्यांकनको लिखित प्रतिवेदन वितरण संपरीक्षण समितिमा पेश गर्नेछन् । काउन्सिलको सचिवालयबाट गरिने मूल्यांकनको प्रतिवेदन र विशेषज्ञको प्रतिवेदनलाई एकत्रित गरी वितरण संपरीक्षण समितिले वितरण संपरीक्षणको प्रतिवेदन तयार गर्नेछ। वितरण संपरीक्षण समितिले सो प्रतिवेदन काउन्सिल समक्ष प्रस्तुत गर्नेछ ।

**१४ . वितरण फाराम :**

वितरण संपरीक्षण समितिले संपरीक्षण मूल्यांकनको निम्ति आवेदन दिने पत्रपत्रिकाहरूको मात्र प्रकाशन र वितरणको संपरीक्षण एवं मूल्यांकन गर्नेछ। पत्रपत्रिकाहरूले वितरण संपरीक्षण समितिद्वारा निर्धारण गरिएको वितरण फारामको ढाँचामा आवेदन दिनु पर्नेछ ।

उक्त फाराम भरी *हरेक आर्थिक वर्षको साउनदेखि असारमसान्तसम्मको विवरण असोज मसान्तभित्र*[२५] लेखा परीक्षण गराई (उदाहरणको लागि २०६३ साउनदेखि २०६४ असारमसान्तको विवरण २०६४ सालको असोज भित्र) सचिवालयमा पेश नगर्ने पत्रपत्रिकालाई मूल्यांकनमा समावेश गरिँदैन । (*फारामको विवरण अनुसूची-१ मा छ )*

[२५] २०६४ मा परिमार्जन गरिएको ।

**१५. दर्ता तथा प्रमाणपत्र शुल्क**[२६] **:**
वर्गीकरणमा सहभागी हुने पत्रपत्रिकाले वर्गीकरणको फारामसाथ रु. २००।- (दुई सय) दर्ता तथा प्रमाणपत्र शुल्क बुझाउनु पर्नेछ ।

**१६. पुनःसंपरीक्षणको व्यवस्था :**
समितिको मूल्यांकन परिणामप्रति चित्त नबुझेमा कसैले पनि पुनःसंपरीक्षणका निम्ति निवेदन दिन सक्नेछ ।

**१७. पुनःसंपरीक्षण शुल्क**[२७] **:**
वितरण संपरीक्षण समितिले गरेको पत्रपत्रिकाको मूल्यांकन तथा वर्गीकरणका सम्बन्धमा चित्त नबुझी कसैले पुनःसंपरीक्षणका लागि निवेदन दिन चाहेमा नतिजा सार्वजनिक भएको मितिले ३० दिनभित्र रु. ५००।- (पाँचसय) दस्तुर सहित समितिसमक्ष निवेदन दिन सक्नेछ ।

पत्रपत्रिका मूल्यांकन प्रतिवेदन सार्वजनिक भइसकेपछि सम्बन्धित पत्रिकाका आधिकारिक व्यक्तिले आफ्नो प्रकाशनको मूल्यांकनको विस्तृत विवरण लिन चाहेमा रु. १००।- दस्तुर सहित लिखितरुपमा माग गर्नुपर्नेछ ।

**१८. निश्चित सीमाभन्दा बढी वा घटी अंक दिंदा कारण उल्लेख गर्नुपर्ने व्यवस्था :**
विषयवस्तु, भाषा/प्रस्तुती, साजसज्जा/छपाई र आचार संहिताको मूल्यांकन गरी अंक दिंदा कुनै पत्रिकालाई शीर्षक वा उपशीर्षकमा छुट्याइएको कुल अंकको २० प्रतिशतभन्दा कम र ९० प्रतिशतभन्दा बढी अंक दिनुपर्ने अवस्था देखिएमा परीक्षकले सोको स्पष्ट र ठोस कारणसमेत उल्लेख गर्नुपर्ने छ ।

**१९. प्रमाणपत्र दिने व्यवस्था :**
वर्गीकरणमा परेका पत्रत्रिकाहरुलाई प्रेस काउन्सिल नेपालको तर्फबाट ***अनुसूची ६(५) को २ बमोजिमको ढाँचामा***[२८] निःशुल्क प्रमाणपत्र दिइनेछ । संपरीक्षण फाराम भर्दा अघिल्लो वर्षको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

---

[२६] २०६४ मा परिमार्जन गरिएको ।
[२७] २०६४ मा परिमार्जन गरिएको ।
[२८] २०६४ मा परिमार्जन गरिएको ।

# विधागत पत्रपत्रिका मूल्यांकनको मापदण्ड

वितरण संपरीक्षण समितिले विगतका वर्षहरूमा पत्रपत्रिका ***वितरण संपरीक्षणको मापदण्ड र प्रक्रिया-२०५९*** का आधारमा समाचारमूलक (दैनिक, अर्ध-साप्ताहिक, साप्ताहिक र पाक्षिक) तथा अन्य विविध मासिक पत्रपत्रिकाहरूको वर्गीकरण मूल्यांकन गर्दै आएको थियो । यो मापदण्डले मूलतः समाचारमूलक पत्रपत्रिकालाई मात्र समेट्ने भएकाले यसकै आधारमा अन्य आवधिक (मासिक, द्वैमासिक, त्रैमासिक) रुपमा प्रकाशित हुने विधागत पत्रपत्रिकाहरूको वर्गीकरण मूल्यांकन गर्नु अव्यावहारिक भएको हुंदा यी पत्रपत्रिकाहरूको लागि छुट्टै मापदण्ड निर्धारण गर्न उपयुक्त हुने भन्ने मूल्यांकन विशेषज्ञ तथा सम्बद्ध पक्षहरुको सुझाव रहेकाले २०६४ सालदेखि विधागत पत्रिकाहरूको मूल्यांकनका लागि देहायबमोजिम छुट्टै मापदण्ड निर्धारण गरी लागू गरिएको छ ।

१ . विधागत पत्रपत्रिकालाई देहाय बमोजिम विभाजन गरिएको छ :

क) **साहित्यिक :-** मौलिक साहित्यिक लेख, निवन्ध, कथा, कविता, नाटक, प्रहसन, एकाङ्की, संस्मरण, समालोचना आदि समेटिएको आवधिक प्रकाशन ।

ख) **दर्शन/कला/संस्कृति र धर्म :-** दर्शन/कला/संस्कृति र धर्म सम्बन्धी लेखहरू र सो सम्बन्धी समसामयिक सूचनाहरू समावेश भएको आवधिक प्रकाशन ।

ग) **बाल/युवा पत्रिका :-** बालबालिका तथा युवाहरूका निम्ति उपयोगी सामग्री जस्तैः- कथा, निवन्ध, कविता, चुटकिला, कार्टून/चित्रकथा, ज्ञान विज्ञानका विषयहरू समेटिएको आवधिक प्रकाशन ।

घ) **खेलकुद :-** खेलकुदका विविध विषयमा लेखिएका लेख, खेलकुद गतिविधि तथा खेलकुदसम्बन्धी सूचना र विश्लेषणमूलक सामग्री समेटिएको आवधिक प्रकाशन ।

ङ) **मनोरञ्जन :-** मनोरञ्जनका सामग्री जस्तैः- रेडियो, टेलिभिजन, गीत, गजल, रङ्गमञ्च, सिनेमा समीक्षा तथा मनोरञ्जनसम्बन्धी सूचना र विश्लेषणमूलक सामग्री समेटिएको आवधिक प्रकाशन ।

च) **अर्थ/वाणिज्य/पर्यटन/विकास/व्यवसाय :-** अर्थ, वाणिज्य, पर्यटन, विकास, व्यवसाय सम्बन्धी गतिविधि, लेख, तथा सो सम्बन्धी सुचना र विश्लेषणमूलक सामग्री समेटिएको आवधिक प्रकाशन ।

छ) **शैक्षिक :-** शैक्षिक गतिविधि, शैक्षिक लेख तथा सो सम्बन्धी सूचना र विश्लेषणमूलक सामग्री समेटिएको आवधिक प्रकाशन ।

ज) **विज्ञान/प्रविधि :-** विज्ञान, प्रविधि, कम्प्युटर, सूचना प्रविधि (IT) सम्बन्धी लेख, समीक्षा र सो सम्बन्धी सूचना र विश्लेषणमूलक सामग्री समेटिएको आवधिक प्रकाशन ।

झ) **सामयिक सूचनाहरू समेटिएको नियमित प्रकाशन (सामान्यज्ञान, डाइजेष्ट) :-** साहित्य, कला, संस्कृति, धर्म, खेलकुद, मनोरञ्जन, आर्थिक, शैक्षिक, विज्ञान/प्रविधि आदि विविध विषयहरूको सामयिक घटनाक्रमको प्रकाशन ।

ञ)  **स्वास्थ्य :-** स्वास्थ्य सम्बन्धी लेख, गतिविधि र सो सम्बन्धी सूचना र विश्लेषणमूलक सामग्री समेटिएको आवधिक प्रकाशन ।

**ट)**  **अन्य विधा** : माथि उल्लेखित बाहेक अन्य विधागत प्रकाशनहरूको पनि यसै मापदण्डको आधारमा वर्गीकरण गरिने छ ।

'पत्रपत्रिका' भन्नाले दर्ता भएको, आवधिक प्रकाशन, नयाँ र मौलिक दृष्टिकोण, विचार, विश्लेषण र सिर्जनात्मकता समेटिएको प्रकाशनलाई बुझ्नु पर्दछ ।

संपरीक्षण वर्गीकरणका निम्ति आवधिक प्रकाशन भन्नाले बढीमा त्रैमासिकसम्मका नियमित प्रकाशनलाई बुझिने छ । त्यसभन्दा माथिका चौमासिक, अर्ध-वार्षिक र वार्षिक पत्रिकाहरूलाई वर्गीकरणमा समावेश गरिने छैन । तर, त्यस्ता पत्रिका अभिलेखका लागि उपलब्ध भएमा काउन्सिलले स्वीकार गर्नेछ ।

विधागत प्रकाशनले वर्गीकरणको फाराम ***(अनुसूची १)*** भर्दा कुन विधा अन्तरगत वर्गीकरणमा समावेश हुन चाहेको हो स्पष्ट खुलाउनु पर्नेछ ।

## २ . विषयगत अंक विभाजन (पूर्णाङ्क १००) :

**साहित्यिक पत्रपत्रिका (मासिक, द्वैमासिक, त्रैमासिक) को लागि :**
साहित्यिक पत्रपत्रिकाको मूल्यांकन गर्दा वितरण परिमाण (Circulation) को निम्ति ५०, पृष्ठ ५ र निरन्तरता १० गरी पहिलो समूहमा कूल ६५ अंक दिइने छ भने विषयवस्तु १५, भाषा १० र छपाई/सज्जा १० गरी दोश्रो समूहमा जम्मा ३५ अंक दिइने छ ।

**साहित्यिक पत्रिका बाहेक अन्य विधागत (म्यागेजिन आकारका) पत्रिकाका लागि :**
मूल्यांकनका लागि छुट्याइएको १०० पूर्णाङ्कमध्ये वितरण परिमाणको निम्ति ५०, निरन्तरता ५, पृष्ठ ५ गरी पहिलो समूहमा कूल ६० अंक कायम गरिएको छ भने विषयवस्तु १५, भाषा ५, सज्जा/छपाई १० र आचार संहिता (विश्वसनीयता र वस्तुनिष्ठता) १० गरी दोश्रो समूहमा जम्मा ४० अंक प्रदान गरिने छ ।

## ३ . वितरण संपरीक्षण मूल्यांकनको अंक विभाजन एवं परीक्षण समूह :

**साहित्यिक पत्रपत्रिका (मासिक, द्वैमासिक, त्रैमासिक) को लागि :**

(क) प्रथम समूह :

| क.सं | पत्रिकाको नाम | वितरण परिमाण | निरन्तरता | पृष्ठ | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | ५० | १० | ५ | ६५ | |
| | | | | | | |

(ख) दोस्रो समूह :

| क.सं | पत्रिकाको नाम | विषयवस्तु | भाषा | छपाई/साजसज्जा | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | १५ | १० | १० | ३५ | |

**अन्य विधागत (म्यागेजिन आकारका) पत्रिकाका लागि :**

(क) प्रथम समूह :

| क.सं | पत्रिकाको नाम | वितरण परिमाण | निरन्तरता | पृष्ठ | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | ५० | ५ | ५ | ६० | |
| | | | | | | |

(ख) दोस्रो समूह :

| क.सं | पत्रिकाको नाम | विषयवस्तु | भाषा | साजसज्जा/छपाई | आचार संहिता | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| | | १५ | १० | ५ | १० | ४० | |

## ४ . विभिन्न वर्गमा पर्नको निम्ति आवश्यक पर्ने प्राप्ताङ्क प्रतिशतः

साहित्यिक र अन्य विधागत सबै पत्रपत्रिकाहरूको वितरण संपरीक्षणको मूल्यांकन गर्दा देहाय बमोजिम अंक प्राप्त गर्ने पत्रपत्रिकालाई देहायको वर्गमा समावेश गरिने छ :

(अ) 'क' वर्ग = ६५ र सो भन्दा बढी

(आ) 'ख' वर्ग = ५० देखि ६४ सम्म

(इ) 'ग' वर्ग = ३५ देखि ४९ सम्म

(ई) 'घ' वर्ग = ३५ भन्दा कम

अन्तिम योगफलमा दशमलब पछि आउने संख्या ०.५० वा सो भन्दा माथि भए माथिल्लो अंक पाउने छ र त्यसैका आधारमा वर्ग कायम गरिने छ । जस्तै : अन्तिम योगफल ६४.५० भए ६५ अंक कायम गरी 'क' वर्गमा वर्गीकृत गरिनेछ ।

## ५ . वितरण संख्या परीक्षण विधिः

१. वितरणको प्रमाणिकताका लागि सम्बन्धित प्रकाशकले वितरण फाराममा उल्लेख गरिएका अनुसूची बमोजिमको विवरण र आवश्यक प्रमाणहरु अनिवार्य रुपमा फारामसाथ संलग्न गरेको हुनु पर्दछ ।

२. वितरण संपरीक्षण समितिले स्थानीय निकाय, स्थानीय प्रशासन र स्थानीय उद्योग वाणिज्य संघ, सञ्चार केन्द्र, नेपाल पत्रकार महासंघको स्थानीय शाखा, जिल्ला वा क्षेत्रीयस्तरका पत्रपत्रिका विक्री एजेन्ट, थोक विक्रेता आदिसँग वितरणको यथार्थता परीक्षण (Cross check) गर्न सक्नेछ ।

३. प्रकाशकले दावी गरेको वितरण परिमाणको संख्यालाई काउन्सिलको वेब साइटमार्फत सार्वजनिक गरिने छ । कुनै कारणबस प्रकाशकको दावी झुठो ठहरिएमा समितिले वर्ग घटाउन वा वर्गीकरणबाट हटाउन सक्नेछ ।

४. वितरण संख्या यकिन गर्ने सन्दर्भमा आवश्यकता अनुसार प्रेस निरीक्षण तथा बजार सर्वेक्षण गर्न सकिने छ ।

## ६ . मूल्यांकन संपरीक्षणका लागि चाहिने न्यूनतम आधार :

१. कुनै पनि विधागत पत्रपत्रिका वर्गीकरणमा पर्नको लागि उपत्यकाको हकमा न्यूनतम् १००० प्रति प्रतिअंक र उपत्यका बाहिरको हकमा न्यूनतम् ५०० प्रति प्रतिअंक प्रकाशित

गर्नु पर्ने छ। यसका लागि सम्बन्धित सबै पत्रपत्रिकाहरूले उल्लेखित प्रति छापी वितरण गरेको प्रमाण फारामका साथ पेश गर्नु पर्ने छ।

२. तोकिएको न्यूनतम् प्रति प्रकाशित गरी वितरण गरेको नपाइएमा त्यस्ता पत्रिकाहरूलाई वर्गीकरणमा समावेश गरिने छैन।

३. छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली २०४९ को नियम ७ (२) मा तोकिए बमोजिमको अंक प्रकाशित नगर्ने पत्रपत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन। तसर्थ मूल्यांकनमा समावेश हुनको निम्ति मूल्यांकन अवधिको १ वर्षमा निम्न प्रकारका पत्रपत्रिकाहरुले निम्नानुसारको अंक प्रकाशित गर्नुपर्नेछ :

(ङ) मासिक १० अंक

(च) द्वैमासिक र त्रैमासिक ४ अंक

यो व्यवस्था अनुरूप ***प्रत्येक आर्थिक वर्षको साउनदेखि असार मसान्तसम्ममा*** सो बमोजिमको अंक प्रकाशित गरी ***असोज*** मसान्तभित्र प्रकाशन वितरणको लेखा परीक्षकद्वारा संपरीक्षण गराई आवेदन दिने पत्रपत्रिकाको मात्र संपरीक्षण मूल्यांकन गरिनेछ। म्याद समाप्त भएको मितिले ७ दिनभित्र दोब्बर दस्तुर तिरी आवेदन दिन सकिने छ।

४. वर्गीकरणका निम्ति प्रस्तुत भएको पत्रपत्रिका प्रष्टसँग छपाई प्रेस (प्रिन्टिङ प्रेस) बाट छापिएको हुनुपर्ने छ। प्रेसमा छपाई नगरी झूठा विवरण दिएर विवरण भरिएको पाइए वर्गीकरणमा समावेश गरिने छैन। कारणवस समावेश भएको रहेछ भने पनि पछि झूठ भएको ठहर भए वर्गीकरणबाट हटाइने छ।

५. संस्थागत प्रकाशनको हकमा कुनै दाताको सहयोगमा वा आफ्नो संस्थाको प्रचार वा प्रवर्द्धनको उद्देश्यले प्रकाशन भएको भए संपरीक्षण मूल्यांकनमा समावेश गरिने छैन।

६. काउन्सिलको अभिलेखमा नभएका विधागत प्रकाशनहरूले निरन्तरताबापतको अंक प्राप्तीका लागि विगतका अंकहरु आवश्यकता अनुसार पेश गर्नु पर्नेछ।

## ७. विभिन्न पक्ष वा आधारहरूको मूल्यांकन गर्ने तरिका :

विधागत प्रकाशनहरुको संपरीक्षण मूल्यांकन देहाय अनुसारको मापदण्ड बमोजिम गरिनेछ :

### क) वितरण परिमाण :

१. **साहित्यिक पत्रिकाका लागि :–** वितरण परिमाणको निम्ति प्रत्येक ५०० (पाँचसय) प्रतिको निम्ति ५ (पाँच) अंकका दरले अधिकतम् ५० अंक प्रदान गरिनेछ।

२. **अन्य विधागत पत्रिकाका लागि :–** अन्य विधागत पत्रिकाका लागि वितरण परिमाणको निम्ति प्रतिहजार ३ का दरले अधिकतम् ५० अंक प्रदान गरिनेछ।

**अ) प्रेस निरीक्षण :**

वितरण संख्याको मूल्यांकन गर्दा वितरण संपरीक्षण समितिले सम्बन्धित प्रेसको निरीक्षण गर्नेछ। प्रेसको स्थलगत निरीक्षण गर्दा निरीक्षण गरिएको पत्रिका जति प्रति प्रकाशित भएको देखिन्छ सोही आधारमा वितरण परिणामको अंक प्रदान गरिनेछ।

मूल्यांकनका सन्दर्भमा काउन्सिलले आवश्यक ठानेका सूचनाहरु उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित प्रकाशकको दायित्व हुनेछ ।

कुनै आवेदकले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले वितरण फाराममा यथार्थमा प्रकाशित हुने प्रति भन्दा बढी प्रति उल्लेख गरेको कुरा प्रेस निरीक्षण, कागज खपत वा प्रकाशनको कार्यालयमा भएको अन्य विवरणबाट थाहा हुनगई प्रमाणित भएमा समितिको मूल्यांकनका आधारमा ढाँटेको प्रति पाँचसय बराबर ५ (पाँच) अंकका दरले यकिन भई पाउने अंकबाट (साहित्यिक पत्रिकाका लागि) घटाई वितरण परिमाण वापतको अंक दिइनेछ । अन्य विधागतको हकमा प्रतिहजार ३ (तीन) अंकका दरले घटाई नंबर दिइनेछ ।

**आ) बजार अनुगमन :**

विधागत पत्रपत्रिकाहरूको वितरण स्थिति यकिन गर्न बजार अनुगमन गर्न सकिने छ ।

**ख) आचार संहिता :**

विधागत पत्रपत्रिकाहरूलाई पत्रकार आचार संहिताको पालनाका आधारमा १० अंकसम्म प्रदान गर्न सकिने छ ।

कुनै विधागत पत्रिकाले पत्रकार आचार संहिता उल्लंघन गरेको उजुरी वा प्रेस काउन्सिल स्वयंले अनुगमन गर्दा आचार संहिता उल्लंघन भएको ठहर भए वा काउन्सिलको निर्देशन पालना नगरेको वा खण्डन प्रकाशित नगरेको वा गाली बेइज्जती वा मानहानीमा अदालतबाट दोषी प्रमाणित भएमा ती सबै घटनाबाट सो वर्ष भित्रमा पाउने कूल १० अंकको सीमामा रही प्रत्येक पटकको २ अंकका दरले बढीमा १० अंकसम्म नकारात्मक अंक दिन सकिने छ ।

**(ग) निरन्तरता :**

१. **साहित्यिक पत्रिकाका लागि :-** मूल्यांकनको निम्ति आवेदन दिने साहित्यिक पत्रपत्रिकाहरूलाई निरन्तरतासम्बन्धी १० अंक दिंदा निम्न आधारमा विभाजन गरी अंक दिइनेछ :

अ) १ वर्षदेखि ४ वर्षसम्म प्रकाशित भएकोलाई २ अंक

आ) ५ वर्षदेखि ९ वर्षसम्म प्रकाशित भएकोलाई ४ अंक

इ) १० वर्षदेखि १४ वर्षसम्म प्रकाशित भएकोलाई ६ अंक

ई) १५ वर्षदेखि १९ वर्षसम्म प्रकाशित भएकोलाई ८ अंक

उ) १९ वर्षदेखिमाथि जतिसुकै भए पनि त्यसलाई १० अंक दिइनेछ ।

उपरोक्त अनुसारको अंक दिंदा पत्रिकामा लेखिएको वर्ष, अंक र दर्ता नम्बरलाई आधार मानी दिइनेछ । तर, यदि कुनै पत्रिकाको प्रकाशन एक वर्षभन्दा बढी खण्डित भएको भए त्यस्तो पत्रिकाको हकमा जति वर्ष खण्डित भएको हो सो वर्ष घटाई गणना गरिने छ ।

२. **अन्य विधागत पत्रिकाका लागि :-** साहित्यिक बाहेकका अन्य विधागत पत्रिकाका लागि निरन्तरतासम्बन्धी अंक देहायबमोजिम प्रदान गरिनेछ :

| | | |
|---|---|---|
| क) | पहिलो पटक वर्गीकरणमा समावेश हुन आएकोलाई | ० अंक |
| ख) | दुई पटक वर्गीकृत भएकोलाई | १ अंक |

| | | |
|---|---|---|
| ग) | तीन देखि चार पटकसम्म वर्गीकृत भएकोलाई | २ अंक |
| घ) | पाँच देखि छ पटकसम्म वर्गीकृत भएकोलाई | ३ अंक |
| ङ) | सात देखि आठ पटकसम्म वर्गीकृत भएकोलाई | ४ अंक |
| च) | नवौं पटक वा सो भन्दा बढी वर्गीकृत भएकोलाई | ५ अंक |

उपरोक्त अनुसारको अंक दिंदा वर्गीकरणसम्बन्धी काउन्सिलको अभिलेखलाई आधार मानी दिइनेछ। यदि कुनै पत्रिका विगतमा वर्गीकरण भई बीचमा खण्डित भएको रहेछ भने त्यस्तो पत्रिकाको हकमा जति वर्ष खण्डित भएको हो सो वर्षलाई गणना गरिने छैन ।

**घ) आकार र पृष्ठ संख्या :**

सबै विधागत पत्रिका न्यूनतम ए-५ (५.२५" X ८.५०") आकारमा कम्तिमा पनि ३२ पृष्ठको वा न्यूनतम छपाई क्षेत्र ११२० वर्गइन्च भएको हुनु पर्दछ।

**ङ) बढी पृष्ठबापतको अंक विभाजन :**

मूल्यांकन संपरीक्षणका लागि तोकिएको न्यूनतम पृष्ठभन्दा बढी प्रकाशन गर्ने विधागत पत्रिकालाई बढीमा ५ अंकसम्म प्रदान गरिने छ । यसरी अंक प्रदान गर्दा न्यूनतम पृष्ठभन्दा बढी १० पृष्ठसम्मका लागि २ अंक, १५ पृष्ठसम्मका लागि ४ र सो भन्दा बढी पृष्ठ प्रकाशन गर्नेलाई ५ अंक प्रदान गरिने छ।

**ङ) विषयवस्तु :**

१. **साहित्यिक पत्रिकाका लागि :-** विषयवस्तुको अंक दिंदा निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरिनेछ :

(क) शैली, (ख) स्तरियता, (ग) मौलिकता, (घ) स्तम्भ विविधता (ङ) अनुसन्धानमूलकतासमेतका ५ पक्षमा प्रत्येकलाई ३।३ अंकका दरले जम्मा १५ अंक सम्म प्रदान गरिने छ।

२. **अन्य विधागत पत्रिकाका लागि :-** साहित्यिक बाहेक अन्य विधागत पत्रिकाहरूलाई विषयवस्तुको अंक दिंदा निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरिन्छ :

(क) शैली, (ख) स्तरियता, (ग) मौलिकता, (घ) स्तम्भ विविधता, (ङ) अनुसन्धानमूलकता (च) विषयवस्तु विश्लेषण (छ) विश्वसनीयता (ज) विज्ञापनको संयोजन (ञ) शीर्षक उपशीर्षकसमेतका १० पक्षमा प्रत्येकलाई १.५ अंकका दरले जम्मा १५ अंक सम्म प्रदान गरिने छ।

**च) भाषा:**

सबै विधागत प्रकाशनका लागि भाषाको अंक दिंदा भाषिक शुद्धता, शब्द प्रयोग, वाक्य संरचना, भाषा प्रवाह र सम्पादकीयसमेतका ५ पक्षमा प्रत्येकलाई २।२ अंकका दरले जम्मा १० अंक प्रदान गरिने छ।

**छ) साजसज्जा/छपाई (Layout/Printing) :**

साजसज्जा र छपाईको अंक दिंदा सम्पूर्ण पृष्ठहरूको अवस्थाको समग्र मूल्यांकन गरिनेछ। यसमा (१) तस्वीर र स्केच/कार्टुन चित्र (२) अक्षर, कोलम विभाजन र शीर्षक (३) आवरण (मुखपृष्ठ) (४) छपाई स्तर र (५) कागजको स्तर र रंग संयोजनसमेत

प्रत्येकलाई साहित्यिकतर्फ २/२ अंकका दरले १० र अन्य विधागततर्फ १/१ अंकका दरले कूल ५ अंकसम्म प्रदान गर्न सकिने छ ।

८ . **मोफसल, राष्ट्रिय तथा अंग्रेजी भाषाका पत्रपत्रिकालाई प्राथमिकता :**

विधागत प्रकाशनहरुलाई वितरण परिमाणको अंक दिंदा काठमाडौं उपत्यकाबाट प्रकाशित हुने पत्रपत्रिकाको प्रकाशित प्रतिलाई आधार मानेर अंक दिइनेछ । उपत्यका बाहिरबाट प्रकाशित हुने पत्रपत्रिकाहरुलाई तिनको वास्तविक प्रकाशन प्रतिको संख्यालाई २ ले गुणन गरेर कायम हुन आउने अंकलाई आधार मानेर वितरण परिमाणको अंक दिइनेछ । तर यसरी दिएको कूल अंक पूर्णाङ्कभन्दा बढी हुने छैन ।

अंग्रेजी भाषा र राष्ट्रिय भाषा (मैथिली, भोजपुरी, अवधि, नेवारी, मगर, गुरुङ, राई आदि) मा प्रकाशित हुने पत्रपत्रिकालाई 'भाषा' मा प्राप्त गरेको अंकलाई २ ले गुणन गरेर अंक दिइनेछ । तर यसरी दिएको कूल अंक पूर्णाङ्कभन्दा बढी हुने छैन ।

९ . **काउन्सिलले निर्धारण गर्न सक्ने :**

यो मापदण्डमा तोकिए बाहेकका अन्य कुराहरु वितरण संपरीक्षण समितिको सिफारिसमा काउन्सिलले निर्धारण गरेबमोजिम हुनेछ ।

## पत्रपत्रिका वितरण संपरीक्षण समिति, नेपाल

**साउन, २०६४**

| | |
|---|---|
| अध्यक्ष | महानिर्देशक, सूचना विभाग |
| सदस्य | प्रतिनिधि, सूचना तथा सञ्चार मन्त्रालय |
| सदस्य | प्रतिनिधि, प्रेस काउन्सिल नेपाल |
| सदस्य | प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्श |
| सदस्य | प्रतिनिधि, नेपाल विज्ञापन संघ |
| सदस्य | प्रतिनिधि, नेपाल चार्टर्ड एकाउन्टेन्ट संघ |
| सचिव | प्रशासकीय प्रमुख, प्रेस काउन्सिल नेपाल |